# डाक्नेश्वरीनगरपालिका

"माछा क्लस्टर विकास कोषसंचालन कार्यविधि-२०७७"

## डाक्नेश्वरी नगरपालिका

## डाक्नेश्वरी कार्यपालिकाको कार्यालय

## प्रदेश नं. २,सप्तरी

*डाक्नेश्वरी कार्यपालिकाको बैठक मिति २०७७।११।२० को निर्णयानुसार स्वीकृत*

**डाक्नेश्वरी नगरपालिका**

**माछा क्लस्टर विकास कोष संचालन कार्यविधि २०७७**

**प्रस्तावना**

**डाक्नेश्वरी नगरपालिका** क्षेत्रमा माछा उत्पादक किसान, व्यापारी तथा अन्य माछाकर्मीहरुको अवस्था सुधारकालागि नगरपालिकाले माछा क्लस्टर विकास कोष खडा गरी प्रभावकारी रुपमा परिचालन तथा व्यवस्थापन गर्न नेपालको संविधानको अनुसूची ८ मा व्यवस्था भएको एकल अधिकार तथा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३, दफा ११ को उप दफा(२) को नं. (६) बमोजिम एवम् स्थानीय सरकार संचालन ऐन२०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी डाक्नेश्वरी नगरपालिकाले **"माछा क्लस्टर विकास कोष संचालनकार्यविधि, २०७७"**तर्जुमा गरी मिति २०७७।१०।२० को कार्यपालिकाको बैठकको निर्णयबाट स्वीकृत गरी लागु गरिएको छ।

## परिच्छेद– १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यस कार्यविधिको नाम "माछा क्लस्टर विकास कोष संचालन कार्यविधि-२०७७" रहेको छ।

१.२ यो कार्यविधि कार्यपालिका बैठकले स्वीकृत गरेको मिति बाटतुरुन्त प्रारम्भ हुनेछ।

१.३ यो कार्यविधि **डाक्नेश्वरी नगरपालिका** कोकार्यक्षेत्रभित्र लागु हुनेछ।

**२. परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:–

क. "अध्यक्ष" भन्नाले माछा क्लस्टर विकास समितिका अध्यक्षलाई सम्झनु पर्दछ।

ख. "संयोजक" भन्नाले माछा क्लस्टर विकासका लागि गठित अनुगमन तथा योजना तर्जमा उप समिति र वित्तीय श्रोत तथा बजार व्यवस्थापन उप समितिका संयोजकलाई सम्झनु पर्दछ।

ग. "आयोजना" भन्नाले **डाक्नेश्वरी नगरपालिका** वा सो अन्तर्गतको वडाबाट पूर्ण वा आंशिक लागत साझेदारीमा सञ्चालित योजना वा कार्यक्रम वा आयोजना वा परियोजनालाई सम्झनु पर्छ। र यसले **डाक्नेश्वरी नगरपालिका** कार्यपालिकाबाट स्वीकृत भएको गैर नाफामूलक संस्था वा अन्य सामुदायिक संस्था समेतलाई जनाउनेछ।

घ. "उत्पादक किसान" भन्नाले माछा पालन वा कारोवारबाट प्रत्यक्ष लाभान्वित हुने यस **डाक्नेश्वरी नगरपालिका** क्षेत्र भित्रका व्यक्तिलाई जनाउँछ।

ङ. "समिति" भन्नाले यस कार्यविधिमा तोके वमोजिमको प्रतिनिधिहरु मध्येबाट गठन गरेको माछा क्लस्टर विकास समितिलाई सम्झनु पर्दछ।

च. "उप समिति" भन्नाले यस कार्यविधिमा तोके बमोजिमको माछा उत्पादक किसान रसम्बद्ध सरोकारवालाहरुको प्रतिनिधि मध्येबाट गठन गरेको माछा क्लस्टर अनुगमन तथा योजना तर्जुमा उप समिति र वित्तीय श्रोत तथा बजार व्यवस्थाप उप समितिलाई सम्झनु पर्दछ।

छ. "कार्यालय" भन्नाले नगरकार्यपालिकाको कार्यालयलाई बुझाउँछ।

ज. "कार्यपालिका" भन्नाले नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

झ. "प्रयोगशाला" भन्नाले माछा उत्पादकहरुबाट संकलितपानी/माटोको नमूना र माछाको रोग परीक्षण गर्ने मेशिनरी तथा उपकरण जडित परीक्षण केन्द्रलाई सम्झनु पर्दछ।

ञ. "पदाधिकारी" भन्नाले माछा क्लस्टर विकास समिति तथा उप समितिका संयोजक रसदस्य सचिवलाई सम्झनु पर्दछ।

ट. "वडा" भन्नाले नगरपालिका भित्रका वडालाई सम्झनु पर्दछ।

ठ. "वडा अध्यक्ष" भन्नाले नगरपालिकाको वडाको लागिनिर्वाचित वडाअध्यक्षलाई सम्झनु पर्दछ।

ड. "सदस्य"भन्नाले माछा क्लस्टर विकास समिति तथा उप समितिका सदस्यलाई जनाउनेछ र सो शब्दले समिति, उप समितिका पदाधिकारीलाई समेत जनाउनेछ।

ढ. "माछा क्लस्टर" भन्नाले माछा किसानहरु माछा पालन कार्यमा संलग्न रहेको वा पालनको सम्भावना रहेका माछा क्षेत्रलाई सम्झनु पर्छ।

ण. "लाभग्राही" भन्नाले नगरपालिका क्षेत्र भित्र सक्रियरुपले माछा पालन वा माछा क्षेत्र सम्बद्ध क्रियाकलापहरुमा संलग्न रहेको व्यक्ति जो नगरपालिकाले निर्दिष्ट गरेको मापदण्ड भित्र रहि कार्य गर्दछ भन्ने सम्झनु पर्छ। अन्य जे सुकै भए पनि पालिकाको दर्ता प्रक्रिया पुरा गरेर क्लस्टर विकास कोषमा वित्तीययोगदान पुर्याएको व्यक्ति सम्झनु पर्छ।

त. "बि२बिबैठक" भन्नाले माछा उत्पादकसमूह र माछा व्यापारी विच व्यवसायिक सम्बन्ध जोड्ने प्रयास स्वरुप गरिने दुई पक्षिय अन्तर्क्रिया बैठकलाई सम्झनु पर्छ।

थ. "बि२एस बैठक" भन्नाले माछाकर्मी र बैक तथा वित्तीय संस्था वा प्राविधिक सेवा प्रदायक विच सम्बन्ध जोड्ने प्रयास स्वरुप गरिने दुईपक्षिय अन्तर्क्रिया बैठकलाई सम्झनु पर्छ।

द. "पालिका" भन्नालेडाक्नेश्वरी नगरपालिकाको कार्यालय र यसको सम्पूर्ण कार्यक्षेत्र लाई सम्झनु पर्छ।

ध. "माछाकर्मी" भन्नालेडाक्नेश्वरी नगरपालिका क्षेत्रमा माछा उत्पादन, माछा खरिदविक्री, भुरा उत्पादन तथा विक्री वितरण, माछा संकलनर माछा प्राविधिकहरु लाई सम्झनु पर्छ।

**३. कार्यविधिको पालना गर्नुपर्ने:**

३.१नगरपालिका क्षेत्र भित्र माछा क्लस्टर विकासको लागि गठितसमितले पूर्णरुपमा यो कार्यविधिको पालना गर्नु पर्नेछ।

३.२यस नगरपालिका क्षेत्र भित्र माछा उत्पादन तथा विक्री वितरण कार्यमा संलग्न किसान, भुरा उत्पादक, माछा व्यापारी तथा माछा क्षेत्रमा प्राविधिक सेवा प्रदायकहरुले पूर्णरुपमा यो कार्यविधिको पालना गर्नुपर्नेछ।

**४. कोषको स्थापना र उद्देश्य**

**४.१ माछा क्लस्टर विकास कोष**

माछा क्लस्टर विकास कोष यस नगरपालिका क्षेत्र भित्र माछा उत्पादन तथा विक्री वितरण कार्यमा संलग्न किसान, भुरा उत्पादक, माछा व्यापारी तथा माछा क्षेत्रमा प्राविधिक सेवा प्रदान गर्ने लगायत माछा संम्वद्ध सबै सरोकारवालाहरुको विकास तथा समृद्धिका लागि उपयोगमा आउने र लक्षित वर्गहरु द्वारा नै संरक्षण, संवर्धन, परिचालनएवम् व्यवस्थापन हुने कोष हो। पालिका क्षेत्रभित्र माछाको उत्पादकत्व वृद्धि एवम् बजार सम्वन्ध सुनिश्चित गरि माछा संम्वद्ध सबै सरोकारवालाहरुको स्थितीमा समाजिक तथा आर्थिक सुधारका लागि चौतर्फीरुपमा सहयोग संयन्त्र स्थापित गर्न पालिका भित्र यो कोष खडा गरिएको छ।

**४.२ कोषको स्थापना:**

यस नगरपालिका अन्तर्गत दर्ता भइ परिचालन भएका माछा उत्पादक समूह सदस्य /माछाकर्मीहरु द्वारा संकलित माछा क्लस्टर विकास शुल्क, माछा निकासी शुल्क, संघिय/प्रदेश सरकार र अन्यदातृ निकायहरुबाट समय समयमा प्राप्त हुने रकम तथा नगरपालिका भित्र माछा क्लस्टर विकासका लागि कार्य गर्ने सरकारी तथा गैर सरकारी निकायहरु बाट प्राप्त हुने अनुदानको अंश एंवम डाक्नेश्वरी नगरपालिका स्वंमको स्वामित्वमारहेका सम्पूर्ण पोखरीहरुको ठेक्का वा भाडा बाट संकलनहुने **कूल आयको २५ प्रतिशतरकम र नगरपालिका बाट प्राप्त** अन्यरकमबाट कोषको स्थापना हुनेछ।

**४.३ कोषको उद्देश्य;**

कोषको उद्देश्य देहाय बमोजिम रहेका छन:

क. नगरपालिका क्षेत्र भित्र माछा उत्पादन तथा विक्री वितरण कार्यमा संलग्न उत्पादक किसान, व्यापारी तथा सेवा प्रदायकहरु लाई एउटा मञ्चमा ल्याई समग्र क्षेत्रलाई माछा उत्पादन क्लस्टरको रुपमा विकास गर्ने।

ख. माछा तथा भुरा उत्पादनमा संलग्न किसान तथा हैचरी सञ्चालकहरुको उत्पादकत्वमा वृद्धि गर्नकोलागि नयाँ प्रविधिको विकास, सुलभ सिंचाई सुविधा तथा स्तरीय माछा भुरा उत्पादन तथा माछा विक्री वितरणमा सहजीकरण गर्ने ।

ग. प्राकृतिक विपद/बाहिरी वा मानविय कारणहरु जस्तै जंगली जनावर तथा चराहरुको आक्रमण, भारी वर्षा तथा बाढी, पोखरीमा विषादी हाली माछा नष्ट गरिदीनु, माछा पोखरीमा विद्युत छोड्नु, माछा चोरी एवम् विभिन्न महामारीका कारण माछा सरोकारवालहरुको कारोवारमा परेका असरलाई न्युनीकरण गर्ने ।

घ. माछा संम्वद्ध सबै सरोंकारवालाहरुलाई वित्तीय तथा प्राविधिक सेवमा सुलभ पहुँच वृद्धि गर्ने ।

ङ. माछा उत्पादक किसानहरुकोवित्तीयशाक्षरता तथा व्यावसायिक ज्ञानको अभिवृद्धि गर्ने ।

च. माछाकर्मीहरुको क्षमता विकास गरि नगरपालिका क्षेत्रलाई माछा हबकोरुपमा विकास गर्ने ।

**५. कार्यविधिको उद्देश्य:**

यस कार्यविधिको उदेश्य देहाय बमोजिम रहेका छन:

क. माछाकार्यान्वयनमा संलग्न पक्षहरुलाई कोषका रकम बाटसंचालन हुने कार्यहरुको छनौट, कार्यान्वयन र प्रशासनका सम्बन्धमा व्यावहारिकरुपमा मार्गदर्शन प्रदान गर्नु ।

ख. यस कोषबाट सहयोग प्राप्त गर्न योग्य माछा संम्बद्ध सरोकारवालाहरुको छनौटका लागि निर्देशक सिद्धान्त, प्रक्रिया, योग्यता तथा मूल्याँकनको मापदण्ड प्रदान गर्नु।

ग. यस पालिका क्षेत्रमा माछा विकासका क्रियाकलापहरुको कार्यान्वयनका लागि नगरपालिका सहितका सरोकारवालाहरु र कार्यान्वयन साझेदारहरुको बुझाइ क्षमता अभिवृद्धि गर्नु ।

घ. वार्षिकरुपमा संचालन गरिने क्रियाकलापहरुको योजना तर्जुमा, कार्यानवयन, सुपरिवेक्षण र अनुगमनमा पालिका तथा माछा क्लस्टर विकास समितिका पदाधिकारीहरुलाई सहयोग र मार्गदर्शन प्रदान गर्नु ।

**६. कोष परिचालनको सीमा:**

६.१ कोषको परिचालन पालिकाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा माछा क्लस्टर विकासका लागि तोकिएको कार्यक्रम र विनियोजित बजेट अनुसार हुनेछ ।तरअगामि वर्षका लागि वार्षिक बजेट तथा कार्यक्रम तय गर्दा बहुसरोकारवाला गोष्ठीले अनुमोदन गर्नु पर्नेछ ।

६.२ दफा ४.३ को उप दफा "ग" अनुसारको क्षतिन्युनीकरणका लागि क्लस्टर भित्र जोखिममा रहेकापोखरी वा माछा बिमाको प्रवर्द्धनगर्नेछ।

६.३ माछा संम्वद्ध सबै सरोकारवालाहरुलाई सेवमा सुलभ पहुँच वृद्धि गर्नको लागि कोषको रकम बाटक्लस्टर परिचालकको सेवा करार गरि परिचालन गर्नेछ ।

६.४ कोष परिचालन गर्दानगरपालिकाले तोके अनुसारको बजेट कार्यान्वयन कार्यविधि अनुसार हुनेछ तर कोषमा कुनै दात्रृ निकायबाटयोगदान हुने भएमा योगदान गरिएको रकम दात्रृ निकायले तोके अनुसार परिचालन हुनेछ ।

**७. कोषबाट लाभ लिन योग्य लाभग्राहीहरु:**

क. कम्तिमा ८ महिना अगाडि देखि नियमितरुपले कोषमा"क्लस्टर विकास शुल्क प्रति किलो **रु.२।५०(अक्षरुपिदुई रुपैयाँ पचास पैसा)**" जम्मा गरिरहेका यस नगरपालिका क्षेत्रका माछा उत्पादक किसान समूहका सदस्यहरु ।

ख. कम्तिमा १२ महिना अगाडि देखि नियमितरुपलेकोषमा "भुरा विक्री वापतको शुल्क कूल **विक्रीको १ प्रतिशत** जम्मा गरि रहेका नगरपालिका भित्रका भुरा उत्पादक वा हैचरी सञ्चालकहरु ।

ग. पालिका भित्र वा बाहिरका माछा संकलक/ विक्री वितरण गरीरहेको खुद्रा, थोक तथा संकलक व्यापारीहरु जसलेकम्तिमा १२ महिना अगाडि देखि नियमितरुपलेकोषमा "माछा विक्री/निकासी वापतको शुल्क प्रति किलो **रु.१।५०(अक्षरुपिएक रुपैयाँ पचास पैसा)**"जम्मा गरिरहेकाव्यक्ति वा फर्म ।

घ. नगरपालिकामासूचीकृत मछुवार/मलाहसमूहका सदस्य वा माछा मार्ने सेवा प्रदान गर्नेव्यक्तिहरु ।र

ङ. नगरपालिकामासूचीकृत माछा प्राविधिक वा प्राविधिक समूहका सदस्यहरु ।

**८. देहायका क्षेत्रहरुमा कोषको रकम परिचालन गर्न सकिनेछ:**

कोषको रकम परिचालन गर्नका लागि अनुसूची-१ अनुसारको निर्देशन पालना गरीदेहायका क्षेत्रहरुमा रकम विनियोजन गरी सदुपयोगगर्ने सकिनेछ ।

क. माछा उत्पादकहरुको लागि नियमित प्राविधिक सेवा उपलब्ध गराउनका लागि प्राविधिक परिचालन, पानी तथा माटोको अवस्था चेक जाँच गर्ने परीक्षण किटखरिद तथा प्रयोगशाला निर्माण ।

ख. माछाको उत्पादकत्व वृद्धिका लागि आधुनिक प्रविधि, मेशिन उपकरणतथा सिंचाइ सम्वद्ध बोरिङ, इनार तथा नाला वा कुलो निर्माण, आधुनिक उत्पादन प्रविधि (वायोफल्क,आर.ए.एस वा अन्य)परीक्षणतथा प्रदर्शन ।

ग. माछा संकलन गर्ने प्रविधि जस्तै कैरेट, जाल, पानीमा पस्ने सुट एवम् जुत्ता आदी ।

घ. जिउँदो वा फ्रेस माछा संकलन केन्द्र,जिउँदो माछा ढुवानिका साधन,माछा विक्री गर्ने आधुनिक विक्री कक्षहरुको निर्माण वा माछा विक्री गर्ने घुमन्तेविक्री कक्ष ।

ङ. स्तरीय भुरा उत्पादनका लागि आधुनिक हैचरी निर्माण वा हैचरी आधुनिकिकरण ।

च. बजार सम्बन्ध विकासका लागि व्यवसय र व्यवसाय सम्बन्ध विकास बैठक(बि२बि / बि२एस), माछा सम्बद्ध बहु सरोकारवालाहरुको गोष्ठी, उत्पादकत्व वृद्धिका लागि प्राविधिक तालिम, अध्ययन अबलोकन भ्रमण, क्लस्टर सर्वेक्षण तथा प्रतिवेदन तयारी, माछा मेला महोत्सव संचालन एवम् सहभागी ।

छ. स्तरीय दाना उत्पादनका लागि सहकार्य।

ज. माछा उत्पादकहरुमा दैवि प्रकोप वा वाह्य पक्षबाट हुने क्षतिन्युनीकरणका लागि गरिने प्रयास वा राहत ।

झ. नगरपालिकाको स्वामित्वमा रहेको जिर्ण पोखरीहरुको जिर्णोधार गर्न सक्नेछ तर यसरी कोषको रकमबाट जिर्णोधार गरिएको पोखरीबाट हुने कूल **आयको ५० प्रतिशत** नियमितरुपमा कोषमा जम्मा गर्ने प्रतिवद्धता सहितको कागजात बहुसरोकारवाला गोष्ठीमा नगरपालिकाले कार्य गर्नु पुर्व पेश गर्नु पर्ने हुन्छ ।

## परिच्छेद–२

## माछा क्लस्टर विकास समिति तथा उप समितिको गठन र सञ्चालन

**९. समिति तथा उप समितिको गठन**

**९.१ माछा क्लस्टर विकास समिति गठन:**

माछा क्लस्टर विकासकोष संचालनका लागिडाक्नेश्वरी नगरपालिकाको कार्यपालिकाले ५ (पाँच) सदस्यसहितको माछा क्लस्टर विकास समितिगठन गर्नेछ ।

क) अध्यक्ष :-पालिकाको मेयर/ उप मेयर
ख) सदस्य :-माछा किसान बढीउपलब्धरहेको वडाका वडा अध्यक्ष
ग) सदस्य :-माछा किसान बढीउपलब्धरहेको वडाका वडा अध्यक्ष
घ) सदस्य :-माछा किसान बढीउपलब्धरहेको वडाका वडा अध्यक्ष
ङ) सदस्यसचिव :-प्रमुख प्रशासकीय अधिकृत

**९.२ समिति गठन तथा बैठक सम्वन्धी अन्य व्यवस्थाहरु :**

क. समितिको कुनै सदस्य वा पदाधिकारीको पद अवधि समाप्त भएमा वा राजिनामा दिएमा वा मृत्यु भएमा पालिकाले तोके बमोजिम सदस्य वा पदाधिकारीनियुक्ति हुनेछ ।

ख. बढीमा १२० दिनको अन्तरालमा समितिको बैठक बस्नु पर्ने हुन्छ तर कामकाजको प्रमावकारिताको आधारमा आवश्यकता अनुसार सो भन्दा कम दिनको अन्तरालमापनि बैठक बस्न सक्नेछ ।

**९.३ माछा क्लस्टर विकास समितिको काम, कर्तब्य र अधिकार:**माछा क्लस्टर विकास समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. उत्पादक किसान, व्यापारी तथा सेवा प्रदायकहरु लाई एउटै मञ्चमा ल्याउने वातावरण तयार गर्ने ।

ख. क्लस्टर विकासका लागि अनुगमन तथा योजना तर्जुमा र वित्तीय श्रोत तथा बजार व्यवस्थापन उप समितिहरुको गठन गर्ने ।

ग. माछा क्लस्टर विकासकोषसंचालन कार्यविधि, आवश्यकतातथा पालिका कार्यकारिणी समितिबाट अनुमोदनमा सहजीकरण।

घ. क्लस्टर विकासका लागि तर्जुमा गरिएका कार्यक्रम तथा बजेट पालिका कार्यकारिणी समितिबाट अनुमोदनमा सहजीकरण ।

ङ. क्लस्टर विकासका क्रियाकलापहरुको अनुगमन तथा मुल्यांकण गर्ने ।

च. उप समितिहरुलाई आवश्यक निर्देशन प्रदान गर्ने ।

छ. नगरपालिका भित्र माछा क्षेत्रका विकासका लागि समयानुकूलश्रोत व्यवस्थापन तथामाछा क्लस्टर विकास कोषकोसंरक्षण एवम् परिचालन गर्ने ।

ज. पालिका भित्र संचालित क्लस्टर विकासका कार्यक्रमहरुलाई एक द्वार प्रणालिमा ल्याउने ।

झ. माछा क्लस्टर विकास सम्वन्धीसंघिय/प्रदेश स्तरीय समिति तथा मञ्चहरुमा सहभागी हुने ।

**९.४ माछा क्लस्टरअनुगमन तथा योजना तर्जुमा उपसमिति गठनः**

माछा क्लस्टर विकास समितिले तल उल्लेख भए बमोजिमका तीन सदस्य माछा क्लस्टर अनुगमन तथा योजना तर्जुमा उप समिति गठन गर्नेछ ।

क. संयोजक :- माछा माछा क्लस्टर विकास समिति बाटसिफारिस एक जाना

ख. सदस्य :- माछा किसानहरुको प्रतिनिधि(माछा सम्वद्ध बहु सरोकार गोष्ठीले छनौटगर्नेछ)

ग. सदस्य सचिब :- पशु/कृषि शाखा

**९.५ माछा क्लस्टरअनुगमन तथा योजना तर्जुमा उपसमितिको काम, कर्तब्य र अधिकारः** माछा क्लस्टरअनुगमन तथा योजना तर्जुमा उपसमितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. माछा विकासका क्रियाकलापहरुको कार्यान्वयनका लागि नगरपालिका सहितका सरोकारवालाहरु र कार्यान्वयन साझेदारहरुको बुझाई क्षमता अभिवृद्धि गर्ने ।

ख. माछाका विकासका लागि कोषबाटसंचालन गरिने क्रियाकलापहरुको योजना तर्जुमा, कार्यान्निवयन, सुपरिवेक्षण र अनुगमनमा पालिका पदाधिकारीहरुलाई सहयोग र समर्थन प्रदान गर्न ।

ग. माछा क्षेत्रका सुचना संकलन, अनुसन्धान, प्रतिवेदन अध्यावधि, प्रकाशन र पृष्ठपोषण गर्ने ।

घ. माछा क्लस्टर विकास समिति,वित्तीय श्रोत तथा बजार व्यवस्थापन उप समिति र उत्पादक विच सेतुको भूमिका निर्वाह गर्ने ।

ङ. सेवा प्रवाहमा सुधारका लागि आवश्यक मानविय श्रोतको व्यवस्थापन तथा परिचालन गर्ने ।

च. आवश्यकता अनुसार वि२विबैठक रमाछा क्लस्टर स्तरीय बहुसरोकार गोष्ठी संचालन गर्ने ।

छ. कोष परिचालन सम्बन्धि आय र व्ययको विस्तृत प्रतिवेदन बहुसरोकार गोष्ठीमा पेश गर्ने । साथै सोही गोष्ठीबाटबजेट तथा कार्यक्रम अनुमोदन गराउने ।

**९.६ वित्तीय श्रोत तथा बजार व्यवस्थापन उपसमिति गठनः**

माछा क्लस्टर विकास समितिले तल उल्लेख भए बमोजिमका ७ सदस्य वित्तीय श्रोत तथा बजार व्यवस्थापन उप समिति गठन गर्नेछ ।

क. संयोजक :- माछा क्लस्टर विकास समितिबाटसिफारिस एक जाना

ख. सदस्य :- माछा किसानहरुको प्रतिनिधि तिन जना(माछा सम्वद्ध बहु सरोकार गोष्ठीले छनौट गर्नेछ)

ग. सदस्य :- माछा व्यापारीहरुको प्रतिनिधि एक जना(माछा सम्वद्ध बहु सरोकार गोष्ठीले छनौटगर्नेछ)

घ. सदस्य :- भुरा उत्पादकहरुको प्रतिनिधि[illegible] उपलब्ध नभएमा पालिका स्तरीय माछा सम्वद्ध बहु सरोकार गोष्ठीले छनौट गरेको सेवा प्रदायक (वा कृषक)

ङ. सदस्य सचिब :- माछा क्लस्टर विकास समितिले तोकेको कर्मचारी एक जना

**९.७वित्तीय श्रोत तथा बजार व्यवस्थापन उपसमितिको काम, कर्तब्य र अधिकारः** वित्तीय श्रोत तथा बजार व्यवस्थापन उपसमितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. माछा उत्पादन तथा विक्री वितरण कार्यमा संलग्न उत्पादक किसान, व्यापारी तथा सेवा प्रदायकहरु लाई संगठित गर्ने ।

ख. पालिका भित्रका माछाकर्मीहरुलाई नगरपालिकाको कार्यालयमा सूचीकृत गर्ने/गराउने ।

ग. उत्पादक समूहहरु लाई परिचालन गरी सामूहिक खरिद तथा विक्रीका अभ्यासहरुलाई प्रवर्धन गर्ने ।

घ. माछा सरोकारवालाहरुलाई परिचालन गरि क्लस्टर विकासका लागि श्रोत व्यवस्थापन गर्न तोकिएको शुल्क संकलनमा सहजीकरण गर्ने ।

ङ. उत्पादक, व्यापारी, सेवा प्रदायक, क्लस्टर विकास समिति र नगरपालिका विच समन्वयकारी भूमिका निर्वाह गर्ने

च. स्वीकृत वार्षिक कार्यक्रम संचालनमा सहजीकरण गर्ने/गराउने ।

छ. प्राकृतिक बिपत्ति/बाहिरी वा मानविय कारणहरुबाट माछा सरोकारवालहरुको कारोवारमा परेका असरलाई न्युनीकरण गर्नका लागि पोखरी वा माछा बिमा गर्ने/गराउने।

ज. माछा संम्वद्ध सबै सरोकारवालाहरुलाई वित्तीय तथा प्राविधिक सेवमा सुलभ पहुँच वृद्धि गर्ने ।

झ. माछा व्यवसायलाई प्रतिस्पर्धी बनाई स्वच्छ तथा स्वस्थ माछाको उत्पादनलाई बढावा दिन ।

ञ. माछाको विक्री प्रवर्धनका लागि आधुनिक बजार व्यवस्थापनमा सहजीकरण गर्ने ।

ट. नगरपालिकालाई माछामा आत्मनिर्भर बनाई अनुसन्धान केन्द्रकारुपमा विकसित गरी माछा सम्वद्ध पर्यटन प्रवर्धन गर्ने ।

ठ. कोषबाट रकम मागका लागि माछा उत्पादक समूहतथा माछा व्यापारीहरुबाट पेश भई आएको प्रस्तावहरुको मुल्यांकण माछा क्लस्टर विकास समितिले तोके अनुसारको खाकामा गर्ने ।

ड. योग्य प्रस्तावहरुलाई कोषबाट अनुदानका लागि माछा क्लस्टर विकास समितिलाई अन्तिम निर्णयका लागि सिफारिसगर्ने ।

ढ. माछाका विकासका लागि आबश्यक क्रियाकलापहरुको सूचीकरण गर्ने ।

ण. माछाकर्मीहरुबाट प्राप्त श्रोतहरुको समुचित प्रयोग र पारदर्शिताको सुनिश्चित गर्ने ।

त. योजना तर्जुमा, कार्यान्विवयन, सुपरिवेक्षण र अनुगमनमा सहयोग र समर्थन प्रदान गर्न ।

**९.८ उप समितिका सदस्यको योग्यता:**

माछा क्लस्टर अनुगमन तथा योजना तर्जुमा र वित्तीय श्रोत तथा बजार व्यवस्थापन उप समितिका सदस्यको योग्यता पालिकाले ठहराए बमोजिम हुनेछ ।

**९.९ समिति/उप समिति गठनसम्वन्धी अन्य व्यवस्थाहरु :**

क. वित्तीय श्रोत तथा बजार व्यवस्थापन उप समिति ७ भन्दा बढी सदस्य सहितको गठन गर्नु परेको खण्डमा उत्पादक किसान समूहहरुको प्रतिनिधिहरुबाट मात्र थप गर्न सकिनेछ तर उप समितिको कूल पदाधिकारी संख्या विजोर हुनु पर्नेछ ।

ख. सदस्य विस्तार गर्दा पालिका भरिका माछा उत्पादक समूहको प्रतिनिधित्व लाई सुनिश्चित गर्नु पर्नेछ ।

ग. उपसमितिहरु गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नु पर्ने छ । समितिको पदाधिकारी मध्ये कम्तिमा तेत्तीस प्रतिशत (३३%) महिला सदस्य हुनु पर्नेछ ।

घ. वित्तीय श्रोत तथा बजार व्यवस्थापन उप समितिको कार्यकाल बढीमा दुई बर्षको हुनेछ र नयाँ सदस्य सहितको उप समिति माछा सम्बद्ध बहुसरोकारवालाहरुको गोष्ठीबाट चयन गर्नु पर्नेछ ।

ङ. यदि कुनै कारण बस नयाँ समिति चयन हुन सकेन भने माछा क्लस्टर विकास समितिले तोके अनुसार हुनेछ ।

च. अन्य जे सुकै भएता पनि उप समिति गठन, विघटन र पुनर्गठन गर्ने अधिकार माछा कलस्ट विकास समिति अन्तर्गत रहनेछ ।

छ. कार्य अवधिको विचमा कुनै कारण बस उप समितिकोसदस्य परिवर्तन गर्न परेमा क्लस्टर विकास समितिले तोके बमोजिम हुनेछ ।

ज. सबै भन्दा बढी माछा किसान रहेको वडा अध्यक्ष समितिको स्थाई सदस्य रहनेछवाँकी दुई जना सदस्य वडा अध्यक्षहरु प्रत्येक दुई वर्षमा फेरवदल गर्नु पर्नेछ ।

## परिच्छेद – ३
## कार्यान्वयन तथा ब्यवस्थापन

**१०. माछा उत्पादक किसान समूह गठन**

माछाक्लस्टर विकासका लागि पालिका भित्र छरिएर रहेका उत्पादक किसानहरुलाई एकिकृत गर्नका लागि माछा उत्पादक किसानहरुको समूह गठन गरी परिचालन गर्नु पर्छ,जुन माछा क्लस्टर विकास समितिको मुख्य लाभग्राहीहुनेछ । यसरी समूह गठन गरीसके पछी **अनुसुची-२** अनुसारको सुचना संकलन गर्ने । साथै गठितसमूहहरुको सुचना वार्षिकरुपमा अध्यावधि गर्ने ।

**१०.१ उत्पादकसमूहसंरचना, गठन तथा नवीकरणः-**

क. बढीमा २५ जना किसानहरु सम्मिलित भएको एउट समूह गठन गर्नु पर्छ ।

ख. समूहमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व अनिवार्य हुनु पर्छ ।

ग. समूह गठन गर्दा एक जना अध्यक्ष, एक जना सचिव वाँकीसबै सदस्य रहने गरी व्यवस्था हुनु पर्छ ।

घ. समूह सदस्यहरुको चयन गर्दा सम्भव भए एकै क्षेत्र (पकेट) मा पोखरी वा माछा पालन गरिरहेको घरपरिवारहरुलाई समेटिनु पर्छ ।

ङ. एक संगोल घरपरिवारबाट एक जना मात्र सदस्य हुनु पर्छ ।

च. समूह गठन भए पश्चात छुटै छाप बनाइ समूहलाई पालिकामा दर्ता गराउनु पर्छ ।

छ. माछा उत्पादक किसान समूहको अध्यक्ष र सचिबको सामूहिक हस्ताक्षर सहितको कुनै एक बैंकमा खाता संचालन गर्नु पर्छ ।

ज. प्रत्येक आर्थिक बर्षको अन्तमा समूहको लेखा परीक्षण गराई पालिकामा नवीकरण गर्नु पर्छ ।

**१०.२ समूह गठनको उदेश्यः-**

क. माछा क्लस्टर विकासमा टेवा पुर्याउनका लागि पालिका स्तरमा गठन हुने उप समितिहरुमा प्रतिनिधित्व गर्नु ।

ख. माछा उत्पादक किसानहरुको समस्याहरु जस्तै न्युन उत्पादकत्व, प्रविधिक सेवाको अभाव,वित्तीय पहुँचको अभाव, बजार पहुँचमा कमी, माछा संकलन को समस्या, प्राविधिक ज्ञानकोकमी आदि पक्षहरुलाई पालिका समक्ष पुर्याउनु ।

ग. माछा उत्पादनका लागि स्तरीयभुरा, दाना एवम मल खाधहरुको सामूहिकखरिदबाट सुलभ दरमा अन्य सामग्री उपलब्ध गराउनु ।

घ. उत्पादित माछाको सामूहिकविक्रीका अभ्यास लाई प्रोत्साहनगरी किसानलाई उचित विक्रीमूल्य प्राप्त गर्ने अवसर प्रदान गर्नु ।

ङ. स्थानीय तहमा माछा उत्पादक किसानहरुको बलियो उपस्थिति को अवस्था सिर्जना गर्नु ।

च. "**माछा क्षेत्रको विकास माछाले मानें"** वातावरण तयार गर्नु तथा माछा क्लस्टरविकासका लागि लागत साझेदारीको अवसर निर्माण गर्नु ।

छ. समूह सदस्यहरुले गरेका माछा उत्पादन, उत्पादन लागत, माछा विक्री, उत्पादन सामग्रि खरिद, प्राविधिक सेवा खरिद तथा ऋण परिचालनको तथ्याङ्क संकलनमा सहजीकरण गर्नु ।

ज. मासिकरुपमा बैठक बसी संकलन गरिएका क्लस्टर विकास शुल्क, माछा विक्री /निकासीशुल्कसंकलन गरी क्लस्टर विकास कोषमा जम्मा गर्नु ।

झ. माछा क्लस्टर विकास समिति मार्फतपालिका तथा माछा विकासका लागि पालिका क्षेत्रमा संचालित विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसंग माछा विकासका लागि सहकार्य गर्नु ।

ञ. माछा सम्वद्ध बहुसरोकारवाला गोष्ठीमा सहभागी हुन वा आफ्नो क्षेत्र वा पकेटका प्रतिनिधि पठाउनु ।

**११. खुद्रा तथा थोक व्यापारी, संकलक तथा सेवा प्रदायक सूचीकरण**

माछाउत्पादक किसान समूहहरुको सहयोगमा खुद्रा तथा थोक व्यापारी, संकलक तथा सेवा प्रदायकहरुको सूचीकरण गर्ने ।

क. माछा उत्पादक समूहको बैठक बाट थोक तथा खुद्रा व्यापारीहरुको सूची तयार गर्ने ।

ख. सूचीकृत माछा व्यापारीहरु, माछा संकलक तथा माछा क्षेत्रमा प्राविधिक सेवा प्रदायकहरुको अलग अलग भेला गर्ने । भेलाको व्यवस्थापन कुनै प्रवर्धक संस्थाबाट गर्नका लागिसमितिले अनुरोध गर्ने । यदि प्रवर्धक संस्था नभएको खण्डमा माछा समूहहरुको अनुरोधमा पालिकाबाट गर्ने ।

ग. भेलामा माछा क्लस्टर विकास समिति संचालनका प्रक्रिया तथा माछा क्षेत्रबाटसंकलनहुनेशुल्कको व्यवस्थापन र त्यसको सदुपयोगिताको वारेमा जानकारी प्रदान गर्ने ।

घ. सूचीकृत हुन इच्छुक माछा व्यापारीहरु, संकलक तथा प्राविधिक सेवा प्रदायकहरुलाई यस कार्यविधिको **अनुसुची-३** अनुसारको फारम उपलब्ध गराइ सूचीकरणका लागि आवेदन गर्न अभिप्रेरित गर्ने ।

ङ. सूचीकृत मध्येका उपयुक्त माछा व्यापारीहरु, संकलक/मछुवार तथा प्राविधिक सेवा प्रदायकलाई बहुसरोकारवाला गोष्ठीएवम् वि२वि बैठकका लागि प्रतिनिधिकोरुपमा आमन्त्रित गर्ने ।

च. यदि माछा व्यापारीहरु, संकलक/मछुवार तथा प्राविधिक सेवा प्रदायक पालिका वाहिरका भए उप समिति सदस्यका लागि योग्य हुने छैन तर बहुसरोकारवालाहरुको गोष्ठीमा प्रतिनिधित्व गर्न पाउनेछ ।

**१२. माछा भुरा उत्पादकको सूचीकरण**

नगरपालिका भित्रकाभुरा उत्पादकहरुलाई दफा ११ अनुसार नै सूचीकरण गर्ने । सूचीकरणका लागि **अनुसुची-४** अनुसारको सुचना संकलन गर्ने । यदि पालिका क्षेत्रमा पाँच भन्दा बढी भुरा उत्पादक एवम् वितरक भए उपलब्ध संख्यामा दफा १० अनुसारको भुरा उत्पादक समूह गठन गर्ने । गठितसमूहबाट बहुसरोकारवाला गोष्ठीमा सहभागीता गराउने र माछा क्लस्टर विकास समितिमा तोके अनुसारको स्थान दिने । यदि पाँच भन्दा कम संख्यामा भुरा उत्पादक भए समूह गठन गर्नु पर्दैन तर सबै भुरा उत्पादकलाई बहु सरोकारवाला गोष्ठीमा आमन्त्रित गर्ने। यदि सूचीकरण पश्चात भुरा उत्पादकहरु पालिका क्षेत्र बाहिरको मात्र भए समितिको पदाधिकारी वन्नका लागि अयोग्य ठहरीनेछ ।

**१३. शुल्क निर्धारण तथाअध्यावधिको प्रक्रिया:**

**चरण-१,** समितिको बैठकबाट माछा सम्बद्ध विभिन्न क्रियाकलापहरुमा शुल्क निर्धारण वा अध्यावधिसम्वन्धी प्रस्ताव पेश भइ सो उपर समितिले क्लस्टर विकास शुल्क निर्धारण वा अध्यावधि गर्ने निर्णय गर्नु पर्छ । यसरी निर्णय गर्दा शुल्क निर्धारण वा अध्यावधि गर्नुको उचित कारण उल्लेख गर्नु पर्नेछ ।

**चरण-२,** उचित कारण सहितको निर्णय लाई पालिका प्रमुख समक्ष पेश गर्ने र पालिका प्रमुखको निर्देशन शुल्क निर्धारण वा अध्यावधिको पक्षमा भए तलको चरणहरुमा जानु पर्नेछ। अन्यथा भए यो प्रकृयालाई यहि पूर्णविराम लग्नेछ।

चरण-३, माछा उत्पादक किसानसमूहहरुको प्रतिनिधि रहेका उप समिति सदस्यहरु वा उप समितिद्वारा परिचालित कलस्टरु परिचालकले पालिकासंग आवद्ध माछा उत्पादक समूहहरुको बैठकडाक्नेछ। बैठकमा माछा क्लस्टर विकासका लागि शुल्क निर्धारण वा अध्यावधि गर्नुको कारणहरु स्पष्ट पारिनेछ। ततः पश्चात यदि किसानहरु शुल्क निर्धारण वा अध्यावधि गर्न सहमत भए सोही बैठकबाटप्रति केजि माछा विक्री गर्दान्युनतम शुल्क रु र अधिक्तम शुल्क रु कति बुझाउने सो सम्वन्धमा समूह निर्णय लिनु पर्ने हुन्छ। यहि प्रक्रिया सबै माछा उत्पादक समूहहरुमा गरिनेछ।

चरण-४, यसरी चरण ३ अनुसारको प्रक्रिया माछा भुरा उत्पादक वा हैचरी किसानहरु, माछा विक्री वितरण गर्ने व्यापारी, माछा संकलन गर्ने मछुवारा तथा माछा प्राविधिकहरु संग गरिन्छ। उनिहरुले स्व-निर्धारण वा अध्यावधि गर्न सहमत भए न्युनतम र अधिक्तम शुल्कदर सम्वन्धी निर्णय प्रतिलिपी संकलन गर्ने।

चरण-५, समितिले पालिका प्रतिनिधि,माछा उत्पादन तथा विक्री वितरणमा संलग्न उत्पादक किसान, हैचरी, खुद्रा तथा थोक व्यापारी, प्राविधिक तथा वित्तीय सेवा प्रदायकहरु सहितको उपस्थितिमा बहुसरोकारवाला गोष्ठीको आयोजना गर्ने। उक्त गोष्ठबाट सर्व सम्मतले तल अनुसारको सहजरुपमा कार्यान्वयन योग्य शुल्क निर्धारण वा अध्यावधि गर्न पालिका लाई निर्णयका लागि सिफारिस गर्नेछ। वर्तमानका लागि सिफारिस शुल्कहरु;

क. माछा उत्पादकहरुका लागि **"माछा विक्रीशुल्क"** प्रति किलो रु.२।५०(अक्षरुपिदुईरुपियाँ पचास पैसा)।

ख. माछा भुरा उत्पादकहरुका लागि **"भुरा विक्रीशुल्क"** कूलविक्रीको १ प्रतिशत।

ग. माछा विक्री वितरण गरीरहेको खुद्रा, थोक तथा संकलक व्यापारीहरु का लागि **"माछा विक्री/निकासी शुल्क"** प्रति किलो रु.१।५०(अक्षरुपिएक रुपियाँ पचास पैसा)।

चरण-६, समितिले बहु सरोकारवाला बैठकबाटअनुमोदितशुल्कका दरहरुलाई पालिकाको परिषदमा पेश गर्नु पर्ने हुन्छ र परिषदले पारीत गरे पछी मात्र शुल्क लागु गरि यस कार्यविधिले तोके अनुसारको प्रक्रियाले पालिकालाई शुल्क संकलन गर्न सहजीकरण गर्नेछ।

चरण-७, उठेका शुल्क समिति मार्फत माछा क्लस्टर विकास कोषको खातामा जम्मा गरी जम्मा गरेको भौउचरको प्रतिलिपिसम्वन्धीत आर्थिक योगदान दिनेसमूह, व्यक्ति वा फर्मलाई दोश्रो पटक शुल्क संकलन गर्न जादा बुझाउनु पर्नेछ।

### १४. बि२वि/वि२एस बैठक

नगरपालिकाले बजारोन्मुख माछा क्लस्टर विकास अवधारणाको माध्यमले माछावस्तुको आपूर्ति श्रृङ्खलाहरूको प्रवर्द्धन गर्नु पर्ने हुन्छ। यस अन्तर्गत माछा क्लस्टर भित्रका माछा सम्वद्ध बजारका कर्ता र उत्पादक किसान वा उत्पादक किसान र वित्तीय एवम् व्यवसायिक सेवा प्रदायकहरूबिच उत्पादन क्लस्टरमा गरिने सम्वन्ध विकास सम्वन्धी अन्तरक्रिया बैठकनै बि२बि/बि२एसबैठकहो। यस कार्यक्रमको माध्यमले क्लस्टरमा रहेका माछा उत्पादक किसानहरू र बजारकर्ता एवम् वित्तीय तथा व्यवसायिक सेवा प्रदान गर्ने बिच व्यवसायिक सम्बन्ध विस्तार गर्न मद्दत पुग्छ। यसका लागि **अनुसुची-५** मा उल्लेख भए अनुसार पालिका स्तरीय माछा सम्बद्ध सरोकारवालाहरुको बि२बि/बि२एस बैठक संचालन गर्न सकिनेछ।

### १५. पालिका स्तरीय माछा सम्वद्ध बहुसरोकारवालाहरुको गोष्ठी:

माछा क्लस्टर विकास समितिले आवश्यकता अनुसार उत्पादन क्लस्टरमा बजार सम्वन्धमा सुधार वा व्यवसायिक सेवाहरूको पहुँचमा विस्तार वा क्लस्टर विकासको समिक्षा वा शुल्क निर्धारण/अध्यावधि वा क्लस्टर विकासका लागि वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्न यो गोष्ठी सञ्चालन गर्नेछ। माछा क्लस्टर विकासकालागि क्लस्टरस्तरमा देखिएको व्यवसायिक चुनौतिहरूको पहिचान गरी सोही क्लस्टर सम्वद्ध सरोकारवालाहरूको सामूहिक प्रयासले विभिन्न सवालहरूको समाधान गोष्ठीबाट निकाल्नका लागि योक्रियाकलाप संचालन गर्ने।यसका लागि **अनुसुची-६** मा उल्लेख भए अनुसार पालिका स्तरीय माछा सम्बद्ध बहुसरोकारवालाहरुको गोष्ठी संचालन गर्न सकिनेछ।

**१६. बजेट तथा कार्यक्रम तर्जुमाः**

माछा क्लस्टर विकासका लागि **अनुसुची-७** अनुसारको खाकामा माछा क्लस्टर परिचालकले वार्षिकतथा आवधिक बजेट तथा कार्यक्रम तर्जुमा गरी समितिमा पेश गर्नेछ । यसरी पेश भएको बजेट तथा कार्यक्रमहरु नगरपालिकाले पारित गरेपछी मात्र कार्यान्वयनमा आउनेछ ।

**१७. सहुलियत कृषि कर्जाका लागि सिफारिस**

पालिका भित्र परिचालित बिभिन्न उत्पादक किसानसमूहका सदस्यहरु, माछा खरिद बिक्री गर्ने खुद्रा तथा थोक व्यापारीहरु एवम् भुरा उत्पादकहरुलाई सहुलियत कृषि कर्जामा पहुँच वृद्धि गर्नका लागि माछा क्लस्टर विकास समितिले आफ्ना नगरपालिका क्षेत्रमा कार्य गरिरहेकावित्तीय संस्थाको सहयोगमा सहजीकरण गर्नेछ । यसका लागि माछा क्लस्टर परिचालकले प्रत्येक ऋण मागकर्ता किसान, व्यापारी वा भुरा उत्पादकको सिफारिस मागको निवेदन सहित **अनुसुची-८** बमोजिमको लगानि मार्गचित्र संकलन/तर्जुमा गरी वित्तीय श्रोत तथा बजार व्यवस्थापन उप समिति सचिब समक्ष पेश गर्नु पर्नेछ । यसरी पेश भएको निवेंदनमाथी उप समितिको निर्णय अनुसार प्रक्रिया अगाडी बढाइनेछ ।

**१८. माछा क्लस्टर परिचालक**

माछा क्लस्टर विकास प्रक्रिया एक वृहत एवम् जटिल कार्य भएको हुनाले सन्तुलित एवम् प्रभावकारी रुपमा कार्य सञ्चालन एवम् संम्पादन गर्नका लागि आवश्यक माछा क्लस्टर परिचालनको जिम्मानगरपालिका कार्यालयमा कार्यरत तर कार्य वोझ कम रहेका सक्षम कर्मचारीलाई दिन सक्नेछ । यदि नयाँ परिचालक नियुक्त गर्नु पर्ने भएमानगरपालिकालेआफ्ना कार्यक्षेत्र भित्र कार्य गरिरहेकामाछा प्रर्वधक निकायहरुबाट यसका लागि आर्थिक सहयोग लिन सक्नेछ । कुनै सहयोगी प्रवर्धक निकाय उपलब्ध नभएको खण्डमा माछा क्लस्टर विकास कोषबाटक्लस्टर परिचालकको नियुक्ति गर्न सक्नेछ । तरपरिचालकको नियुक्तिनगरपालिकाले तोके अनुसारको सेवा करार प्रक्रियाबाट गर्नु पर्नेछ । यसरीनियुक्ति भएकाक्लस्टरपरिचालक,क्लस्टर विकास समितिले तोकेको अवधि सम्मका लागि मात्र बहालमा रही रहनेछ । परिचालकको कार्य समितिले संन्तोषजनक देखेएमा रक्लस्टर विकास कोषको क्षमता परिचालकको तलब भार वहन गर्ने सक्ने रहि रहेमा समितिले कार्य अवधि थप गर्न सक्नेछ ।समितिले माछा क्लस्टर परिचालकमाकम्तिमा २२ वर्ष भन्दा माथि र ४० वर्ष भित्रका महिला मात्रलाई नियुक्ति  गर्न पाईने छ ।माछा क्लस्टर परिचालकको काम कर्तव्य र अधिकार सहितको विस्तृत विवरण**अनुसुची-९** अनुसार हुनेछ ।

## परिच्छेद– ४, विविध

**१९.कार्यविधि संशोधनः**-यस कार्यविधिमा कुनै संशोधन गर्नु परेमा माछा क्लस्टर विकास समितिले संशोधन सहितको प्रस्तवना नगर परिषदमा पेश गर्नु पर्नेछ । परिषदले प्रस्ताव पारित गरे पछि मात्र लागु हुनेछ ।

**२०.कार्यविधिको व्याख्याः**-यस कार्यविधिको व्याख्या गर्ने अधिकार नगरपालिकालाई हुनेछ ।

**२१.दफाको निष्कृयताः**-यस कार्यविधिमा लेखिएका अन्य कुनै कुरा प्रचलित ऐन कानुन संग बाझिन गएमा सो वाझिएको हद सम्म मात्र निष्कृय हुनेछ ।

॥इति शुभम्॥

अनुसूची १

(कार्यविधिको दफा ८ संग सम्बन्धीत)

**माछा क्लस्टर विकास कोष परिचालनका लागि निर्देशन**

**डाक्नेश्वरी नगरपालिका**

क. कोषको रकम तपसिल अनुसाका क्रियाकलापहरु संचालन गर्नका लागि माछा क्लस्टर विकास समितिको निर्देशनमा उप समितिहरु तथा माछाकर्मीहरुको माध्यमलेतोकिए अनुसार खर्च वा परिचालन गर्न सकिनेछ ।

| क्र.स. | क्रियाकलापहरुको विवरण | क्रियाकलापको प्रकृति | कोषबाट योगदान प्रतिशतमा | लाभग्राहीको योगदान प्रतिशतमा | विशेष शर्त तथा अवस्थाहरु |
|---|---|---|---|---|---|
| १ | माछा क्लस्टर भित्रका पोखरी तथा माछा बिमा | सामूहिक | ९० | १० | |
| २ | वि२वि/वि२एस, बहुसरोकार गोष्ठी संचालन, माछा क्लस्टर परिचालकको तलब, सिपमुलक तालिम संचालन. अध्ययन अबलोकन भ्रमण, क्लस्टर सर्वेक्षण तथा प्रतिवेदन तयारी, माछा मेला महोत्सव संचालन एवम् सहभागी तथा समन्वय | सामूहिक | १०० | शुन्य | उप समितिले कम्तीमा एक बहुसरोकार गोष्ठी र ३ वि२वि अन्तरक्रिया वार्षिक रुपमा संचालन गर्नु पर्नेछ। |
| ३ | प्रयोगशाला निर्माण, माछा पोखरी विद्युतिकरण, पोखरी सम्म कृषि सडक निर्माण, जिउँदो माछा बजार निर्माण | सामूहिक | १०० | शुन्य | प्रयोगशाला र बजार बाट प्राप्त कूल आयको ५० प्रतिशत कोषमा जम्मा गर्नु पर्ने। |
| ४ | क्लस्टरमा हाल सम्म प्रयोगमा नआएको नयाँ प्रविधिको हकमा,पानी तथा माटोको अवस्था चेक जाँच गर्ने परीक्षण किट वितरण, पोखरीको पानीमा अक्सिजन वृद्धि गर्ने मेसिन उपकरण, वायोफ्ल्क प्रणालि र Recirculating Aquaculture System-RAS प्रणालि जडान आदी। | व्यक्तिगत | ५० | ५० | एक समूहले कोषबाट दोश्रो पटक अनुदान प्राप्त गर्न कम्तीमा १.५ वर्षको अन्तर हुनु पर्नेछ |
| ५ | सिंचाइ सम्वद्ध बोरिङ, इनार तथा नाला वा कुलो निर्माण, मोटर, पम्पीङ सेट आदी। | सामूहिक | ८० | २० | |
| | | व्यक्तिगत | ५० | ५० | |
| ६ | पानीमा पस्ने सुट एवम् जुत्ता माछा मार्नेहरुका लागि मात्र | व्यक्तिगत | ९० | १० | |
| ७ | माछा संकलन गर्ने प्रविधि जस्तै कैरेट, जाल, स्तरीय भुरा उत्पादनका लागि | व्यक्तिगत | ५० | ५० | कोषबाट दोश्रो पटक अनुदान प्राप्त गर्न |

| | | | | | |
|---|---|---|---|---|---|
| | आधुनिक हैचरी निर्माण वा हैचरी आधुनिकिकरणतर हैचरी सञ्चालकले क्लस्टर भित्रका कम्तीमा २०० जना पालिका भित्रका किसानलाई उचित मूल्यमा गुणस्तर भुरा उपलब्ध गराउनु पर्नेछ । | | | | कम्तीमा २ वर्षको अन्तर हुनु पर्नेछ । |
| ८ | जिउँदो वा फ्रेस माछा संकलन केन्द्र, जिउँदो माछा ढुवानिका सवारी साधन, माछा विक्री गर्ने आधुनिक विक्री कक्ष एवम् माछा विक्री गर्ने घुमन्ते विक्री कक्ष,(क्लस्टर भित्र वा वाहिरका व्यापारीजसलेतय खरिदमूल्य अन्तर्गतक्लस्टर भित्रका कम्तीमा ४० जना किसानको माछाखरिद गरिविक्री वितरण गर्नु पर्नेछ ।) | व्यक्तिगत | ३० | ७० | यदि कलस्टर भित्रको माछा पालिका वाहिर विक्री वितरण गर्नको लागि वाहिर वनाउने भएमा २ वर्ष भित्र फिर्ता गर्ने शर्तमा ५० सम्म अनुदान पाउन सक्नेछ । |
| ९ | स्तरीय दाना उत्पादनका लागि सहकार्य (शेयर) | समिति बाट | १०० | शुन्य | |
| | | व्यक्तिगत | | | |
| १० | नगरपालिकाको स्वामित्वमा रहेको जिर्ण पोखरीहरुको जिर्णोधार गर्न सक्नेछ तर यसरी कोषको रकमबाट जिर्णोधार गरिएको पोखरी बाट हुने कूल आयको ५० प्रतिशत नियमितरुपमा कोषमा जम्मा गर्ने प्रतिवद्धता सहितको कागजातनगरपालिकाले बहुसरोकार गोष्ठी मा पेश गरि मंजुरी लिनु पर्नेछ । | सामूहिक | १०० | शुन्य | |

ख. दातृ निकायहरुको योगदानबाट संचालन हुने क्रियाकलापहरुको हकमा दातृ निकायले तोके वमोजिम वा नगरपालिका र दातृ निकाय विच भएको सहमति अनुसार क्रियाकलाप संचालन हुनेछ ।

ग. माछा उत्पादक समूहहरुले कोषबाट अनुदान माग गर्नका लागि माछा क्लस्टर विकास समितीले तोके अनुसारको खाकामा प्रस्ताव पत्र तयार गरी पेश उप समिति मार्फत पेश गर्न सकिने छ वा समिती सार्वजनिक सुचना मार्फत पनि प्रस्ताव माग गर्न सकिनेछ ।

घ. कोषबाट सहयोग लिन योग्य उत्पादक समूह, व्यापारी, भुरा उत्पादक वा अन्य माछाकर्मीलाई रकम भुक्तानी गर्दा कार्य सम्पादनको प्रकृती हेरीकोष अनुदान सम्झौतामा समितिले तोके अनुसारको किस्ता वनाई भुक्तानी दिईनेछ ।

ङ. कोषबाटसहयोग स्वरुप लिएको रकमको फर्छयौट तथा फरफारक नगरपालिकालेतोके अनुसारको बजेट कार्यान्वयन कार्यविधि अनुसार हुनेछ ।

अनुसूची २

(कार्यविधिको दफा १० संग सम्बन्धीत)

## माछा उत्पादक किसान समूहको वार्षिक विवरण संकलन फारम

## डाक्नेश्वरी नगरपालिका

१. माछा उत्पादक किसान समूहको नामः- २. वडा नं. ३. क्लस्टर/बस्तीको नामः- ४. सुचना संकलकको नामः-

५. समूह अध्यक्षको नामः- ६.अध्यक्षको सम्पर्क नं.:- ७. प्राविधिक सेवा प्रदायकको नाम ८. सेवा प्रदायकको सम्पर्क नं.:-

९. समूह सदस्यहरुसंग माछा खरिद गर्ने प्रमुख व्यापारीहरुको नाम र सम्पर्क नं.:-

| क्र. स. | समूह सदस्यको नाम | लिङ | जाति | उमेर | माछा पालन प्रविधि | निजि पोखरी वा टैंक संख्या | सरकारी पोखरी संख्या | जम्मा पानी क्षेत्र कठ्ठामा | इकाई | वार्षिक कूल उत्पादन कुईन्टलमा | वार्षिक कूल विक्री परीमाण कुईन्टलमा | विक्री दर रु. | कूल उत्पादन खर्च रु. हजारमा | प्राविधिक सेवा लिएको पटक | ऋण रकम रु.हजार मा | प्राविधिक लाई तिरेको रकम रु. | ऋण दिने वित्तिय संस्था | नयाँ प्रविधि प्रयोगमा ल्याएको भए उल्लेख गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | पोखरी | | | | | | | | | | | | | |
| ३ | | | | | वायोफल्क | | | | | | | | | | | | | |
| ४ | | | | | आर.ए.एस | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | | | | | |
